आज मिति २०७५ साल पौष महिनाको २७ गते शुक्रवारका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष् श्री खिमनारायण मानन्धर ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो ।

# तपशिल

| दस्तखत | पदाधिकारीको नाम,थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री परशुराम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्रबहादुर गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| | श्री मित्रलाल भट्टराई | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित | | |
| | श्री बिदुर सिग्देल | हे.अ. अधिकृत |
| | श्री मनोज पोखेल | लेखापाल |
| | श्री भगिरथ पौडेल | |
| | श्री सन्दिप बोगटी | |

**प्रस्तावहरू:::**

१.आर्थिक ऐन २०७५ मा संसोधन तथा कार्यान्वयन गर्ने बिधेयक सम्बन्धमा

२.स्थानीय पूर्वाधार विकास सम्बन्धि विधेयकका सम्बन्धमा

३.बिनियोजन ऐन ,२०७५ अन्तर्गतको वित्तीय समानीकरण योजना कार्यक्रम संसोधन थप तथा पुनरावलोकन सम्बन्धमा

४.हालसम्म भएका योजना तथा कार्यक्रमको कार्यान्वयन एवम् प्रगति समिक्षा सम्बन्धमा

५.गाउँकार्यपालिकाको कार्यालयबाट भएका खर्चविवरण पारित सम्बन्धमा

६.ऐन,नियम,कार्यविधि,निर्देशिका निर्माण पारित तथा संसोधन सम्बन्धमा

७. ढुंगा गिटी बालुवा बिक्रि ठेक्का व्यवस्थापनका सम्बन्धमा ।

८ . वडा नं. २ को  कार्यालयको जग्गा सम्याउने सम्बन्धमा ।

## निर्णयहरू :::

## निर्णय नम्बर १

प्रस्ताव न.१ आर्थिक ऐन २०७५ को संसोधन तथा कार्यान्वयन गर्ने विधेयकका सम्बन्धमा व्यापक छलफल विचार विमर्श हुँदा यस कार्यपालिका बैठकमा प्रस्तुत विधेयक स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

### आर्थिक ऐन, २०७५ संशोधन गर्ने विधेयक

**हरिनास गाउँपालिकाको आर्थिक ऐन २०७५ लाई संशोधन तथा कार्यन्वयन गर्ने विधेयक**

**प्रस्तावनाः हरिनास** गाउँपालिकाको आर्थिक ऐन वर्ष २०७५/०७६ लाई संशोधन तथा कार्यन्वयन गर्न को लागि नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **हरिनास** गाउँ सभाले यो ऐन बनाएको छ ।

१. आर्थिक ऐन २०७५ को अनुसुची ७ सि.नं ३० को सट्टा देहायको व्यवस्था गरिएको छ।

| **सि.नं.** | **सिफारिसको विवरण** | **आ.व. ०७४/७५ को प्रस्तावित दर** | **आ.व. ०७५/७६ को प्रस्तावित दर** | **आ.व. ०७५/७६ को संशोधित दर** |
|---|---|---|---|---|
| ३० | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५० | १०० | ५० |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिलिपी दस्तुर | | | रु.२००/ दुईसय रुपैंयामात्र |

२. आर्थिक ऐन २०७५ को अनुसुची ४ सि.नं १२ को सट्टा देहायको व्यवस्था गरिएको छ।

| सि.नं | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर म्याद नाघेको ३ महिना भन्दा बढी १ वर्षसम्म रु.१५०० | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १२ | घ | १००००/-दश हजार रुपैंया | रु ३००० दुई हजार रुपैंया | म्याद नाघेको ३ महिना भन्दा बढी १ वर्षसम्म रु.१५००<br>१ वर्षभन्दा बढी भएमा प्रतिवर्ष<br>रु३००० तनि हजार रुपैंय | रु ५००<br>पांचसय रुपैंया |

## निर्णय नम्बर २

प्रस्ताव नं २ को स्थानीय पूर्वाधार विकास सम्बन्धि प्रस्तुत विधेयकका सम्बन्धमा व्यापक छलफल विचार विमर्श हुँदा सो विधेयकलाई संसोधन सहित स्विकृत गरी सभामा पेश गर्ने निर्णय गरियो।

## निर्णय नम्बर ३

३.बिनियोजन ऐन ,२०७५ को वित्तीय समानीकरण अन्तर्गतका योजना कार्यक्रम संसोधन थप तथा पुनरावलोकन गर्ने प्रस्तावका सम्बन्धमा व्यापक छलफल गर्दा देहाय अनुसार संसोधन थप तथा पुनरावलोकन भएको सूची स्वीकृत गरी गाउँ सभामा अनुमोदनार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ४

प्रस्ताव नम्बर ४ को  हालसम्म सम्पन्न भएको योजना तथा कार्यक्रमको कार्यान्वयन एवम् प्रगति समिक्षा सम्बन्धमा छलफल विचार विमर्श हुँदा यो आर्थिक वर्षमा हालसम्म सम्पन्न भएको योजनाहरू संतोषजनक रूपमा संचालन भै सम्पन्न भएको र आगामी दिनमा योजनागत अनुगमन समितिलाई प्रभावकारी रूपमा परिचालन गरी योजनाको प्रभावकारी र गुणस्तरीय रूपमा तोकिएको लागत र परिमाणमा सम्पन्न गर्न आवस्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५.

प्रस्ताव नम्बर ५ का सम्बन्धमा गाउँकार्यपालिकाको कार्यालयबाट हालसम्म भएका  खर्चविवरण स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ६

प्रस्ताव नम्बर ६ को ऐन,नियम,कार्यविधि,निर्देशिका स्वीकृत,पारित तथा संसोधन सहित पारित गर्ने सम्बन्धमा व्यापक छलफल र विचार विमर्श हुँदा यस वैठकमा पेश हुन आएका बिधेयक,नियम,कार्यविधिका सम्बन्धमा तपसिल अनुसार गर्ने सर्बसम्मत निर्णय गरियो ।

१.हरिनास गाउँ पालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने बिधेयक ,२०७५ स्वीकृत गरी सभामा पेश गर्ने निर्णय गरियो ।

२गाउँकार्यपालिका कार्यविभाजन नियमावली,२०७५ संशोधन पारित गर्ने

३.गाउँकार्यपालिका कार्यसम्पादन नियमावली,२०७५ संशोधन पारित गर्ने

४.गाउँकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि,२०७५ संशोधन पारित गर्ने

५.गाउँसभा सञ्चालन कार्यविधि,२०७५ संशोधन पारित गर्ने

६.आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७५ स्वीकृत गर्ने

७.राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७५ स्वीकृत गर्ने

८.अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५

९.गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५

१०.गाउँपालिका प्रहरी व्यवस्थापन कार्यविधि,२०७५ संशोधन सहित पारित गर्ने

११ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि,२०७५

१२ विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७५

१३.आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन कार्यविधि,२०७५

## निर्णय नम्बर ७

प्रस्ताव नम्बर ७ को प्रस्तावका सम्बन्धमा ढुंगा, गिटी बालुवाको विक्री व्यवस्थापनका सम्बन्धमा छलफल हुँदा यस गाउँपालिका अन्तर्गत तपशिलका वडाहरूमा रहेका स्थानहरूमा रहेका नदिजन्य तथा खानीजन्य श्रोत साधनहरूबाट उठ्ने रकम वातावरणीय प्रभाव मूल्यांकन गरि जिम्मा दिन लागत प्रभावी तथा समयको दृष्टिले उपयुक्त नभएकोले प्रचलित ऐन कानून , प्रदेशको मापदण्ड तथा सो पालना गर्ने सम्बन्धमा यस गाउँपालिकाको नीति निर्देशनभित्र रही मापदण्ड तोकी न्यूनतम मूल्य कायम गरी ठेक्का संचालन गर्न ७ दिने सूचना निकाल्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | ठेक्का सम्भाव्यता श्रोत | वडा | न्युनतम दर | कैफियत |
|---|---|---|---|---|
| १ | खोलाका श्रोत ढुंगा,बालुवा | वडा न. | रू ५०००० - पचास हजार रुपैंयामात्र | |
| २ | कट्पिस ढुंगाखानी | | रू. ५०००० पचास हजार रुपैंयामात्र | |
| ३ | छिपुंग ढुंगाखानी | वडा न. ४ र ५ मा रहेको | रू. ५०००० पचास हजार रुपैंयामात्र | |
| ४ | दारे गौंडामा रहेको ढुंगाखानी | ४ न. वडा | रू. ५०००० पचास हजार रुपैंयामात्र | |
| ५ | छिपुंग क्षेत्र पुरैको कचा ढुंगा | ४ न. वडा | रू. ५०००० पचास हजार रुपैंयामात्र | |
| ६ | झंग्झंगे खोला क्षेत्रको पुरै | ४ न. वडा | रू. ५०००० पचास हजार रुपैंयामात्र | |

निर्णय नं ८

वडा नं २ को कार्यालय भवन निर्माणको लागि जग्गा सम्याउन सम्पन्न भएकोले सो कार्य भुक्तानीको लागि रु दश लाख छुट्याउने निर्णय गरियो ।